बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१।३।११ गतेका दिन बेसीशहर नगरपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ५२ औं (बाउन्न औं) बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमान सिंह अर्याल |
| नगर उप-प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य, वडा नं. १ | श्री दुर्गा बहादुर कुनायोडी |
| " " " २ | श्री मदन बहादुर राना |
| " " " ३ | श्री चित्र बहादुर दर्लामी |
| " " " ४ | श्री राम बहादुर गुरुङ |
| " " " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " " ६ | श्री प्रकाश थापा |
| " " " ७ | श्री लक्ष्मीराम बस्नेत |
| " " " ८ | श्री पवित्रा थापा राना |
| " " " ९ | श्री सुकुमैजी गुरुङ |
| " " " १० | श्री गंगा बहादुर थापा |
| " " " ११ | श्री शिव प्रसाद जोशी |
| " " - | श्री हिरालाल विश्वकर्मा |
| " " - | श्री श्रीनाथ दुलाल |
| " " - | श्री कल्पना थापा बोहरा |
| " " - | श्री विमला न्यौपाने अधिकारी |
| " " - | श्री सुकमाया घर्ती |
| " " - | श्री सुकमाया गुरुङ |
| " " - | श्री ममिता परियार |

## सहजकर्ता कर्मचारी

| | |
|---|---|
| कार्यक्रम अधिकृत | श्री महेन्द्र पोखरेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३



# बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

**नगर कार्यपालिकाको मिति २०८१/०९/११ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।
२. नगरसभाको सोह्रौं अधिवेशन सम्बन्धमा ।
३. आगामी आ.व.२०८२/८३ को आय व्यय प्रक्षेपण सम्बन्धमा ।
४. फोहरमैला व्यवस्थापन सम्बन्धी अवलोकन भ्रमणको सिकाई सम्बन्धमा ।
५. प्रदेश विशेष अनुदानतर्फ फोहरमैला व्यस्थापन कार्यक्रमको सम्बन्धमा ।
६. वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।
७. नदिजन्य पदार्थ उत्खनन्,संकलन तथा विक्रीको सम्बन्धमा ।
८. मुख्यमन्त्री नवप्रवर्तन साझेदारीतर्फको कार्यक्रमको सम्बन्धमा ।
९. नदिजन्य पदार्थको वातावरणीय अध्ययन सम्बन्धमा ।
१०. ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा (चण्डीस्थान स्वास्थ्य चौकी निर्माण आयोजना)
११. विविध
   - स्थलगत अध्ययनको कार्य वापतको भुक्तानी सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/०८/२५ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२: नगरसभाको सोह्रौं अधिवेशन सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको सोह्रौं नगरसभा अधिवेशन (दोश्रो नगरसभाको छैठौं अधिवेशन) मिति २०८१/१०/०७ गते सोमबार दिनको १०.३० बजे नगरपालिकाको सभाहलमा आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३: आगामी आ.व.२०८२/८३ को आय व्यय प्रक्षेपण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय व्यय देहाय वमोजिम प्रक्षेपण गरी नेपाल सरकार अर्थ मन्त्रालय  र अन्य सम्बन्धित निकायहरुमा पठाउने निर्णय गरियो।

**देहायः**

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिका कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/११ गतेको बैठक

आयतर्फः

| क्र.सं | शिर्षक | प्रक्षेपित आय रु. हजारमा |
|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय | ७,००,०० |
| २ | स्थानीय राजश्व | २,९०,०० |
| ३ | समानीकरण अनुदान/संघीय सरकार | १७,००,०० |
| ४ | राजश्व बाँडफाँड/संघीय सरकार | १३,५०,०० |
| ५ | समानीकरण अनुदान/प्रदेश सरकार | ३,००,०० |
| ६ | राजश्व बाँडफाँड/प्रदेश सरकार | २,००,०० |
| ७ | संघीय सशर्त अनुदान | ३५,००,०० |
| ८ | संघीय विशेष अनुदान | २,००,०० |
| ९ | संघीय समपुरक अनुदान | ३,५०,०० |
| १० | प्रदेश सशर्त अनुदान | १,००,०० |
| ११ | प्रदेश विशेष अनुदान | १,५०,०० |
| १२ | प्रदेश समपुरक अनुदान | १,००,०० |
| १३ | अन्य विविध (सडक बोर्ड) | २,५०,०० |
| | जम्मा प्रक्षेपित आय | ९१,९०,०० |

व्ययतर्फ

| क्र.सं | शिर्षक | प्रक्षेपित व्यय रु. हजारमा |
|---|---|---|
| १ | चालु तर्फ | ५३,००,०० |
| २ | पूँजीगत तर्फ | ३८,९०,०० |
| | जम्मा प्रक्षेपित व्यय | ९१,९०,०० |

**निर्णय नं.४: फोहरमैला व्यवस्थापन सम्बन्धी अवलोकन भ्रमणको सिकाई सम्बन्धमा ।**

नगर प्रमखको नेतृत्वमा कार्यपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुका लागि मिति २०८१ पुस ५ देखि ७ गतेसम्म आयोजना गरि सम्पन्न भएको विभिन्न नगरपालिकाहरुको फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन अवलोकन भ्रमणको क्रममा देखिएका विषय र भएका सिकाईको बारेमा भ्रमण दलका सदस्य एवम् फोहरमैलाको दीर्घकालिन व्यवस्थापन खोज अध्ययन समितिका संयोजक श्री मदन बहादुर रानाबाट मौखिकरुमा यस बैठकमा विस्तृत जानकारी गराई यस सम्बन्धमा आगामी कार्यभार बारे थप छलफल समेत गरियो ।

**निर्णय नं.५: प्रदेश विशेष अनुदानतर्फको फोहरमैला व्यस्थापन कार्यक्रमको सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेश विशेष अनुदानतर्फ फोहरमैला व्यवस्थापन कार्यक्रमको लागि प्राप्त बजेट रु. ४० लाखबाट बेनपा-८ स्थित फोहरमैला संकलन तथा प्रशोधन स्थल (सेनेटरी ल्याण्ड फिल्ड साइट) मा फोहरमैला संकलन तथा प्रशोधनको लागि आवश्यक पर्ने ट्रस भवन निर्माण

गुमान सिंह अर्याल
नगर प्रमुख

गर्ने साथै साविकमा गरिदै आएको फोहरमैला व्यवस्थापनको सम्बन्धमा हाल कार्यालयको सूचना वमोजिम पेश हुन आएको एक मात्र दरभाउपत्र मूल्याङ्कनमा सफल देखिएकोले अर्को व्यवस्था नभएसम्म नीज संस्थासंग सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६: वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.सामुहिक कृषि खेती, बेनपा-११ | २ लाख ९७ हजार | १.१ सामुहिक खेती कार्यक्रम, बेनपा-११ (प्याज लसुन /समृद्ध आमा समुह रामचोकबेसी) | ५० हजार |
| | | १.२ ५०% अनुदानमा बाखा वितरण, बेनपा-११ | ५० हजार |
| २.विविध, बेनपा-११ | ३ लाख ५८ हजार | २.अधिकारी पोल्ट्री फर्मको टनेल घर मर्मत, मल विऊ विषादी खरिद/ ढुवानी, बेनपा-११ (२०८१/८/१२ को नि नं १२.१२ मा संशोधन गरिएको) | २५ हजार |
| ३.फुटकर योजना तथा कार्यक्रम, बेनपा-४ | ५ लाख ५ हजार ४ सय | ३.१ मेयर कप खेलकुँद प्रतियोगिता (सहभागी खाजा, खाना, पोशाक, सवारी व्यवस्थापन)बेनपा-४ | ७० हजार |
| | | ३.२सेवा सदन मावि शैक्षिक भ्रमण, बेनपा-४ | ५० हजार |
| | | ३.३सेवा सदन मावि बार्षिकोत्सव कार्यक्रम खर्च, बेनपा-४ | ५० हजार |
| | | ३.४ सेवा सदन मावि आन्तरिक कक्षा सञ्चालन, बेनपा-४ | ३५ हजार |
| | | ३.५ दशैंमा सांस्कृतिक कार्यक्रम, सुर्यदय युवा क्लव, डाँडागाउँ, बेनपा-४ | २० हजार |
| | | ३.६नेपाल पूर्व प्रहरी संगठन लमजुङ फर्निचर खरिद, | ३० हजार |
| ४. दलित लक्षित आर्थिक सशक्तिकरण कार्यक्रम, बेनपा-२ | २ लाख | ४. दलित लक्षित आर्थिक शसक्तिकरणको लागि बाखा, बंगुर र कुखुरा चल्ला वितरण, बेनपा-२ | २ लाख |
| ५.विद्यालय पूर्वाधार सुधार, | १ लाख | ५.बालकल्याण माविको छात्राबासमा | ५० हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/११ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| बेनपा-२ | | पूर्वाधार सामाग्री खरिद, बेनपा-२ | |
| ६.विद्यालय वार्षिक सुवर्णमहोत्सव सहयोग, बेनपा-२ | १ लाख | ६.बालकल्याण माविको बार्षिकोत्सव सहयोग, बेनपा-२ | ५० हजार |
| ७. कृषक आय आर्जन प्रवर्द्धनको लागि एक घर एक विरुवा | १ लाख ५० हजार | ७.१ दलित लक्षित आर्थिक शसक्तिकरणको लागि बाखा, बंगुर र कुखुरा चल्ला वितरण, बेनपा-२<br>७.२च्याउ खेती तालिम, बेनपा-२ | ६० हजार<br>९० हजार |
| ८.महिला व्यवसायिकता र उद्यमशिल प्रवर्द्धन कार्यक्रम, बेनपा-२ | ५० हजार | ८.महिला व्यवसायिकता र उद्यमशिल प्रवर्द्धन तालिम, बेनपा-२ | ५० हजार |
| ९.विविध फुटकर कार्यक्रम, बेनपा-२ | २ लाख | ९.जेष्ठ नागरिक हेरचाहकर्ता सम्मान २ जना, बेनपा-२ | १० हजार |

**निर्णय नं.७: नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रीको सम्बन्धमा ।**

आ.व.२०८०/८१ र २०८१/८२ को लागि बेसीशहर नगरपालिका क्षेत्रभित्रका घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन र विक्रीको लागि मिति २०८०/२/१४ को बैठकबाट स्वीकृत मौजुदा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको केही घाटहरुमा नदिजन्य पदार्थ संकलन गर्दा प्रयोग गर्न पाउने मेशिनरी साधनहरुको सम्बन्धमा हालको वर्तमान अवस्था अनुरुप थप सान्दर्भिक र व्यवहारिकताको लागि पुनर्विचार गर्नुपर्ने आवश्यकता महशुस भई यस कार्यपालिकाको मिति २०८१/८/२५ को बैठकको निर्णयानुसार सो प्रतिवेदन तयार गर्ने परामर्शदातालाई अनुरोध गर्ने निर्णयानुसार कार्यालयको तर्फबाट च.नं १०८३ मिति २०८१/८/२६ को पत्रद्वारा अनुरोध गरिएकोमा प्राप्त परिमार्जित प्रतिवेदन थप अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.८: मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको सम्बन्धमा ।**

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत बेसीशहर नगरपालिका र गण्डकी प्रदेश सरकारको साझेदारीमा चालु आ.व. २०८१/८२ को लागि छनौट भएको स्मार्ट शैक्षिक व्यवस्थापन र डिजिटल सेवा प्रवाह परियोजना सञ्चालन र कार्यान्वयनको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**(क)परियोजना अनुगमन तथा सुपरिवेक्षण समितिः**

संयोजक- श्री पद्मा गुरुङ, नगर उपप्रमुख

सदस्य- श्री मदन बहादुर राना, संयोजक सामाजिक विकास समिति

सदस्य -श्री हिरालाल विश्वकर्मा, कार्यपालिका सदस्य/प्रवक्ता

**(ख)परियोजना कार्यान्वयन समितिः**

संयोजक- श्री चेतनाथ अर्याल प्रमुख प्रशासकीय अधिकृत

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/११ गतेको बैठक

सदस्य-श्री सृजना पौडेल, लेखा अधिकृत

सदस्य- श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत

सदस्य- श्री विशाल ढकाल, इन्जिनियर

सदस्य- श्री मुकेश कुँवर, सूचना प्रविधि अधिकृत

सदस्य-श्री सृजना पाण्डे चिलुवाल,प्राविधिक सहायक शिक्षा

सदस्य सचिव- सुनिल घिमिरे, एम आइ एस अपरेटर

निर्णय नं.९: नदिजन्य पदार्थको वातावरणीय अध्ययन सम्बन्धमा ।

नदिजन्य पदार्थको उत्खनन् , संकलन तथा विक्रीको लागि प्रत्येक २/२ वर्षमा वातावरणीय अध्ययन गर्नुपर्ने प्रावधान वमोजिम बेसीशहर नगरपालिका क्षेत्र भित्रका विभिन्न घाटहरुबाट आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ मा नदिजन्य पदार्थको उत्खनन्, संकलन र विक्रीका लागि ठेक्का बन्दोबस्तीको प्रक्रियाको लागि प्रारम्भिक वातावरणीय अध्ययन गर्नुपर्ने भएको हुँदा उक्त कार्यको लागि नियमानुसार परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं १०: ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ६ स्थित चण्डीस्थान स्वास्थ्य चौकी भवन निर्माणको ठेक्का सम्झौताको म्याद यही २०८१ पुस १५ मा समाप्त भएको र निर्माण कार्य जारी रहेको हुँदा उक्त ठेक्का सम्झौताको म्याद २०८२ बैशाख मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं ११: स्थलगत अध्ययनको कार्य वापतको भुक्तानी सम्बन्धमा ।

नदिजन्य पदार्थको उत्खनन्,संकलन र विक्रीको लागि हालको मौजुदा आइ ई ई प्रतिवेदनमा संशोधन गर्ने कार्यको लागि नगर कार्यपालिकाको मिति २०८१/८/२५ को निर्णय तथा कार्यालयको च.नं १०८३, मिति २०८१/८/२७ को पत्र वमोजिम स्थलगत अध्ययन र अनुगमन गरी प्रतिवेदन पेश गर्ने साविक परामर्शदातालाई सेवा शुल्क वापत परामर्श सेवा शिर्षकबाट रु.६० हजार भुक्तानी दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख